# गोरखापत्र संस्थान

प्रधान कार्यालय, धर्मपथ काठमाडौं ।

## ट्याङ्करको खानेपानी आपूर्ति गर्ने सम्बन्धी पुनः सिलबन्दी दरभाउपत्र आह्वानको ७ दिने सूचना

**(पुनः प्रकाशित मिति : २०८०/११/०१ गते)**

**सूचना नं. ८/०८०/०८१**

यस संस्थानको प्रधान कार्यालय का.म.न.पा. २२ धर्मपथ काठमाडौँका लागि १२,००० लि. ट्याङ्करको शुद्ध र सफा खानेपानी मासिक करिब १५ ट्याङ्कर आवश्यक पर्ने भएको हुँदा तपसिलमा उल्लेख गरिए अनुसार प्रक्रिया पुऱ्याई आ.व. २०८०/०८१ का लागि संस्थानलाई खानेपानी उपलब्ध गराउन इच्छुक भ्याट वा प्यानमा दर्ता भएका व्यक्ति, फर्म वा सङ्घ संस्थाहरूबाट रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. दरभाउपत्र दाताले आफूले उपलब्ध गराउने १२,००० लि. ट्याङ्करको पानीको प्रति ट्याङ्कर के-कति दरमा उपलब्ध गराउन सक्ने हो सो स्पष्ट रूपले अक्षर र अङ्कमा उल्लेख गर्नुपर्नेछ । अङ्क उल्लेख गरिएको अस्पष्ट भएमा वा फरक परेमा अक्षरमा उल्लेख गरिएको मूल्यलाई मान्यता दिइनेछ । स्वीकृत दरभाउपत्र दाताले संस्थानको माग अनुसार तत्काल पानीको आपूर्ति गरिदिनुपर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र फाराम रु.१,०००।- तिरी संस्थानको प्रधान कार्यालयको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ र उक्त फाराम भरी पेस गरेको सिलबन्दी दरभाउपत्रलाई मात्र मान्यता दिइनेछ ।

३. दरभाउपत्र दाता भ्याट तथा प्यानमा दर्ता भएको, सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको इजाजत पत्र, कर चुक्ताको प्रमाणपत्र र कम्पनी प्रमुखको नागरिकताको प्रमाणपत्रको आफैँले प्रमाणित गरेको प्रतिलिपि सहित सिलबन्दी दरभाउपत्र फाराम सहीछाप गरी लाहाछाप लगाई पेस गर्नुपर्नेछ ।

४ सिलबन्दी दरभाउपत्र पेस गर्दा सिलबन्दी दरभाउपत्रमा **आ.व. २०८०/०८१ का लागि ट्याङ्करको खानेपानी आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र** भन्ने प्रस्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र दाताले आफ्नो प्रस्ताव पेस गर्दा धरौटी रकम बापत रु. १५,०००।- (पन्ध्र हजार रुपैयाँ मात्र) संस्थानको ने.बैं.लि. काठमाडौँ अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००१ मा नगद जम्मा गरी सोको सक्कल भौचर वा सो बराबरको नगद रकम सोझै संस्थानमा जम्मा गरी सोको रसिद अनिवार्य रूपमा पेस गर्नुपर्नेछ वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैंकबाट सो रकम बराबरको कम्तीमा ४५ दिनको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी सिलबन्दी दरभाउपत्र पेस गर्नुपर्नेछ ।

६. यो सूचना प्रकाशित भएको मितिले ८औँ दिन अर्थात् २०८०।१०।०८ गते दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र संस्थानमा दर्ता भइसक्नुपर्नेछ । उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट बुझाउन सकिनेछ । रीत नपुगेका, सर्तहरू राखिएका तथा म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारबाही गरिनेछैन ।

७. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरू ८औँ दिन अर्थात् २०८०।१०।०८ गते दिनको २:०० बजे संस्थान भवनमा खोलिनेछ । यदि उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट प्रस्तावक वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोल्न सकिनेछ ।

८. माथि जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावकलाई कुनै कारण जनाउ नदिइकन पनि प्रस्ताव आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ ।

९. स्वीकृत दरभाउपत्र दाताले दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र संस्थानमा उपस्थित भई ५ प्रतिशत कार्य सम्पादन जमानत जम्मा गरी द्विपक्षीय सम्झौता गर्नुपर्नेछ । उक्त समयभित्र सम्झौता गर्न नआएमा संस्थानले धरौटी जफत गरी वैकल्पिक व्यवस्था गर्नेछ ।

१०. आफूले उल्लेख गरेको मासिक वा वार्षिक रकम भ्याट बाहेक भनी स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ । उक्त सम्बन्धमा उल्लेख नभएमा उल्लिखित रकम भ्याट बाहेक भनी बुझिनेछ ।

११. स्वीकृत सिलबन्दी दरभाउपत्र दाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको सेवा नबुझाएमा संस्थानले सम्झौता तोडी कार्य सम्पादन जमानत बापतको रकम जफत गर्नेछ ।

१२. यस सूचनामा उल्लेख नगरिएका अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन, नियम र कानून अनुसार नै हुनेछन् ।

**गोरखापत्र संस्थान**
**सामान्य प्रशासन शाखा**
**फोन नं. ५३२३०७८, ५३२६५६४**